# देवघाट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल

प.सं.: २०७९/०८०
च.नं.:

मितिः २०७९/१०/२९ गते

सूचना । सूचना ॥ सूचना ॥।

**न्यूनतम रोजगारीमा संलग्न हुनका लागि निबेदन संकलन गर्ने/गराउने बारे अत्यन्त जरुरी सूचना ॥**

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका (दोस्रो संसोधन), २०७८ को दफा १८ तथा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना सञ्चालन तथा ब्यवस्थापन कार्यविधि, २०७६ बमोजिम आगामी आ.व. २०८०/०८१ मा यस देवघाट गाँउपालिकाको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक १८ देखी ५९ बर्षका बेरोजगार ब्यक्तिहरुले **२०७९ फागुन महिना भित्रमा आफूले स्थायी बसोबास गरेको वडा कार्यलयमा बेरोजगार ब्यक्तिको सूचिमा सूचिकृत हुन निवेदन दिनुहुन** यो सूचना प्रकाशित गरीएको छ । निवेदन सम्बन्धित वडा कार्यलय, रोजगार सेवा केन्द्र, देवघाट गाँउपालिकाको वेव साईट www.devghatmun.gov.np बाट निःशुल्क प्राप्त गर्न सकिने छ । निवेदन दिनका लागि न्यूनतम योग्यता र आवश्यक कागजातहरु तपशिल बमोजिम रहेका छन । **सम्पूर्ण विवरण भरी वडा कार्यलयले प्रमाणित गरेका निवेदनहरुलाई मात्र ई.एम.आ.एस. मा दर्ता गरिने हुदाँ सो बमोजिम गर्नु गराउनु हुन समेत अनुरोध छ** । थप जानकारीका लागि ९८४४२०९९६४, ९८४५९३३२३७, ९८४२०१७१५० वा ०५६-५०००६८ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

तपशिल :

१) एक आर्थिक बर्षमा न्यूनतम १०० दिन रोजगारीमा संलग्न नभएका, नेपाल सरकारले तोकेको न्यूनतम वार्षिक आय भन्दा कम आम्दानी रहेका, कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनामा संलग्न भई काम गर्न ईच्छुक परिवारका ब्यक्तिहरु ।

२) निवेदन तथा उसको परिवारको यथार्थ विवरण खुलेको संलग्न ढाँचा बमोजिमको स्वयंमले हस्ताक्षर गरेको पूर्ण निवेदन ।

३) सम्बन्धित ब्यक्तिको नागरिकताको फोटोकपि १ प्रति ।

४) सम्बन्धित ब्यक्तिको फोटो १ प्रति ।

५) परिवारका सम्पूर्ण सदस्यको नागरिकताको विवरण तथा पारिवारिक (नागरिकता नम्बर, जारी मिति र जन्म मिति,शैक्षिक योग्यता, रोजगारीको अवस्था, सामाजिक सुरक्षा भत्ता बुझे/नबुझेको ।

६) आवस्यकता अनुसार विवहा दर्ता वा बसाईसराई दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

७) सम्बन्धित ब्यक्ति वा परिवारको सम्पर्क नम्बर (अनिवार्य)

८) बैङ्क खाताको विवरण (उपलब्ध भएसम्म)

९) चालु आ.व. को सूचिकृत बेरोजगार ब्यक्ति भएमा नविकरणका लागि आवश्यक विवरण सहितको निवेदन ।

.................
रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

फोनः ०५६-५०००६८, ०५६-५०००७२
इमेलः devghat.ruralmun@gmail.com, info@devghatmun.gov.np, वेबसाइटः devghatmun.gov.np